लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)
तौलिहवा

☎ कार्यालय : ०७६-५६०६२४
☎ कार्यालय प्रमुख : ९८५७०५१०१४
☎ सूचना अधिकारी : ९८५७०५१२६६

प.सं.:- २०८१/०८२ (योजना)
च.नं.:-

# प्रस्ताव आव्हान सम्बन्धि बिस्तृत सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१।१०।२९

यस कार्यालयको चालु आ.व. २०८१।०८२, ब.उ.शि.नं. ३२९९११२१३ को समृद्धिका लागि वन शिर्षकको बार्षिक स्वीकृत कार्यक्रम "साझेदारी वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम)" को लागि विनियोजित बजेटबाट साझेदारी वन उपभोक्ता समूहहरुको स्वीकृत कार्ययोजनामा उल्लेख भएका बार्षिक कार्यक्रमहरु कार्यान्वयनको लागि प्रस्तावको आधारमा समूहले कम्तीमा ५० प्रतिशत लागत सहभागिता गर्ने गरि प्रति समूह बढीमा रु. २०,००,०००/- (अक्षरुपी बीस लाख मात्र) समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम अनुदान रकम उपलब्ध गराउन सकिने हुंदा समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ मा उल्लेखित व्यवस्था एवं शर्त बमोजिम अनुदान सहयोग प्राप्त गर्न इच्छुक र योग्यता पुगेका यस कार्यालय अन्तर्गतका साझेदारी वन उपभोक्ता समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावको ढाँचा र अन्य बिस्तृत जानकारी यस कार्यालयको वेबसाईट https://dfokapilvastu.gov.np बाट प्राप्त गर्न सकिनेछ । प्रस्तावको मूल्यांकन र छनौट समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम हुनेछ ।